आज मिति २०७६/०३/२० गते शुक्रबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६४ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि दहाय बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री साविත्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भुवानी प्रसाद लिङ्दम | | ६ नं. वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

## अन्य उपस्थिति

श्री चन्द्र राई

श्री वीरध्वज लिम्बु

श्री इश्वर कुमार श्रेष्ठ

श्री पृथ्वी नेपाल

श्री कमल प्रसाद गण्डजी

प्राविधिक

योजना सहायक

निर्णयहरुः

१. गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष घरबाट नियमित रुपमा कार्यालय आवत जावत गर्न नसक्ने भएकोले घर भाडा वापत मासिक क्रमश रु ७०००/- र ५०००/- उपलब्ध गराउने । साथै लगबुकको आधारमा सवारी साधनको लागी ईन्धन उपलब्ध गराउने तथा सभा सदस्यहरुलाई पोषाक भत्ता बापत एकमुष्ट बार्षिक रु १० हजार उपलब्ध गराउने । अध्यक्ष र उपाध्यक्षको निजि सचिवको सम्बन्धमा प्रदेशको नियमानुसार हुनेछ ।

२. गाउँपालिकामा कार्यरत प्राविधिक शाखा अन्तर्गतका प्राविधिक कर्मचारीलाई आयोजना व्यवस्थापन (कन्टेन्जेन्सी रकम) खर्च शिर्षकबाट व्यहोर्ने गरी देहाय अनुसारको मासिक फिल्ड भत्ता उपलब्ध गराउने गरी निर्णय गरीयो ।

| क्रसं. | पद | मासिक फिल्ड भत्ता | कैफियत |
|---|---|---|---|
| १ | ईन्जिनियर | ८०००/- | |
| २ | सव ईन्जिनियर | ६०००/- | |
| ३ | अ. सब ईन्जिनियर | ४५००/- | |

३. गाउँपालिकाको नाममा रहेको तथा पालिकाको कामकाजको लागी प्रयोग हुने मोटरसाईकलको हकमा अधिकृत स्तर, प्राविधिक कर्मचारी र फिल्डमा खटिने कर्मचारीलाई ईन्धन वापत मासिक १८ लि र विषयगत शाखा प्रमुख तथा वडा सचिवलाई ईन्धन वापत मासिक १५ लि. ईन्धन र पालिकाको कामकाजको लागी प्रयोग हुने मोटर साईकल सर्भिसिङ गर्दा मोविल उपलब्ध गराउने ।

४. सञ्चार खर्च वापत गाउँपालिकाको कार्यालय प्रमुखलाई रु २०००/- विषयगत शाखा प्रमुख तथा वडा सचिवलाई सञ्चार वापत मासिक रु १५००/- सञ्चार खर्च वापत खर्च गर्न पाउने ।

५. माईजोगमाई गाउँपालका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आन्तरिक श्रोत बाट व्यहोर्ने गरी प्रोत्साहन स्वरुप मासिक खाजा खर्च रु ५०० उपलब्ध गराउने ।

६. हेरचाहको लागी उत्प्रेरणा कार्यक्रम कार्यान्वयन गर्न यस गाउँपालिका र करुणा फाउण्डेसन विच भएको सम्झौता बमोजम उक्त संस्थाले पेश गरेको कार्यक्रम लाई स्विकृत गर्ने निर्णय गरीयो ।

७. अन्य संघ संस्थाहरुमा नामसालिंग सामुदायीक विकास केन्द्र र मानव अधिकार मञ्चको कार्यक्रम स्विकृती गरियो ।

८. माईजोगमाई गाउँपालिकामा हाल कार्यरत रहेका सेवा करार तथा ज्यालादारीमा रहेका निम्न कर्मचारीको मासिक पारिश्रमिक देहाय बमोजिमको हुने गरी आगामी आ.ब . २०७६/०७७ पौष मसान्त सम्म सेवा करारमा राख्ने निर्णय गरीयो ।

| क्र.सं. | कर्मचारीको नाम र थर | मासिक पारिश्रमिक रु | कैफियत |
|---|---|---|---|
| १ | मदन राई, सहायक कम्प्यूटर अपरेटर | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| २ | रमेश सापकोटा सवारी चालक | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ३ | चन्द्र बहादुर पौडेल | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |

| | | | |
|---|---|---|---|
| ४ | भिम बहादुर बुढाथोकी का.स. | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ५ | कमल भण्डारी का.स. | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ६ | करुणा पौडेल का.स. | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ७ | कञ्चन राई | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ८ | सुजन प्रधान | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |
| ८ | विष मल्लिक सरसफाईकर्ता | साविकको तवलमानमा २० प्रतिशत थप | सेवा करार |

९. करार सेवामा रहेको प्राविधिक कर्मचारी सम्बन्धमा।
करार सेवामा रहेको प्राविधिक कर्मचारीहरुको करार सेवा अवधि लोक सेवा आयोगबाट सिफारिस भई नआउन्जेल सम्मको लागि सेवा निरन्तरता दिने निर्णय गरियो।

१०. सेवा करारमा कार्यरत हेव्वी इक्यूप्मेट तथा सहयोगी र ट्रिपर चालक तथा सहयोगीहरुको हेव्वी इक्यूप्मेन्ट व्यवस्थापन खर्च शिर्षकबाट व्यहोर्ने गरी तपशिल बमोजिम सेवा सुविधा हुने गरि सेवा करार आ.व. ०७६/७७ का लागि निरन्तरता दिने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | पद | तलब | थप सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | एक्साभेटर अपरेटर | नेपाल सरकारको नियमानुसार | प्रति घण्टा रु २ सय | ब्रेकर सहित थप रु २० |
| २ | व्याहो लोडर अपरेटर | नेपाल सरकारको नियमानुसार | प्रति घण्टा रु १ सय ५० | |
| ३ | एक्साभेटर सहयोगी | १३५०० | प्रतिदिन रु १ सय | खाजा खर्च |
| ४ | व्याहो लोडर सहयोगी | १३५०० | प्रतिदिन रु १ सय | खाजा खर्च |
| ५ | ट्रिपर चालक | नेपाल सरकारको नियमानुसार | प्रतिदिन रु २ सय | खाजा खर्च |
| ६ | ट्रिपर चालक सहयोगी | १३५०० | प्रतिदिन रु १ सय | खाजा खर्च |

११. यस गाउँपालिकामा स्थानिय विकास कोष सहित जिल्ला समन्वय समिति इलामबाट जिम्मेवारी हस्तान्तरण भई सेवा करारमा कार्यरत सामाजिक परिचालक श्री श्याम कुमार सेम्वो लिम्बूको सेवा करार आ.व. ०७६/०७७ का लागि मासिक रु २३ हजार ५ सय मात्र सेवा सुविधा हुने गरी २०७६ पौष मसान्त सम्म सेवा करार थप गर्ने निर्णय गरियो।

१२. क्षमता विकास तालिम तथा गोष्ठी खर्च मापदण्ड सम्बन्धमा निम्नानुसार गर्ने।
गाउँ कार्यपालिकाका लागि देहायको अन्तरिक क्षमता विकास तालिम तथा गोष्ठी संचालनको मापदण्ड निम्न अनुसार स्वीकृत गर्ने निर्णय गरियो

| क्र. स. | खर्च क्षेत्र | इकाई | दर रु | सिमा |
|---|---|---|---|---|
| १ | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बहिरबाट | प्रति कक्षा प्रति डेढ घण्टा | १५००/- | श्रोत सामग्री रु ७००/- सहित |
| २ | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालयबाट | प्रति कक्षा प्रति डेढ घण्टा | ०/- | श्रोत सामग्री रु ७००/- |
| ३ | कार्यक्रम संयोजक | प्रति कार्यक्रम प्रतिदिन | ७५०/- | एक कार्यक्रममा एक जना मात्र |
| ४ | खाजा खर्च | प्रति व्यक्ति प्रतिदिन | १५०/- | दिनको एक पटक चिया सहितको |
| ५ | खाना खर्च | प्रति व्यक्ति प्रतिदिन | २५०/- | प्रतिछाक |
| ६ | सहभागी स्टेशनरी | प्रति व्यक्ति प्रति तालिम | १५०/- | डटपेन, कापी, अन्य |
| ७ | तालिम स्टेशनरी | प्रति तालिम | ३०००/- | मार्कर बोर्ड पेन आदि |
| ८ | आवासीय तालिम गर्दा प्रति सहभागी तथा सहजकर्ता | प्रति व्यक्ति प्रतिदिन | १०००/- | खान बस्न सहित |
| ९ | यातायात खर्च | | प्रचलित भाडा दर अनुसार | |
| १० | उद्धघाटन र समापन खर्च | प्रति तालिम | ३०००/- | |
| ११ | प्रतिवेदन लेखन नेपाली | प्रति तालिम | १०००/- | १ जना मात्र |

यस मापदण्डले नसमेटेको शिर्षकमा प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ।

१३. आ.ब. २०७६/०७७ को गाउँपालिकाको दररेट र ज्याला निर्धारण सम्बन्धमा यस गाउँपालिकाको दररेट निर्धारण समितिले गत साल तय गरी पेश गरेको दररेटलाई चलन चल्तिको बजार मुल्य अनुसार परिमार्जन गरी दररेट र ज्याला निर्धारण गर्न गाउँकार्यपालिकालाई अख्तियारी दिन माग गर्ने निर्णय गरीयो।

१४. सहभागितामूलक पद्धतिमा टोल बस्ती हुँदै वडा समितिबाट प्राथमिकतामा परी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका तर श्रोतको अभावले गर्दा गाउँसभाले विकास योजनामा समावेस हुन नसकेका देहायका आयोजनाहरु प्राथमिकताका आधारमा देहाय बमोजिमका योजनाहरु संघिय सरकार प्रदेश सरकार सडक बोर्ड तथा अन्य निकायहरुसँग सहकार्य र समन्वय गरी सम्बन्धीत निकायमा माग गरी कार्यान्वयन गर्ने निर्णय गरीयो।

## संघ र प्रदेश नं. १ प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत माग गरि पठाउने योजनाहरु

| क्र.सं. | योजनाको नाम | योजना स्थल | अनुमानित लागत | माग गर्ने निकाय |
|---|---|---|---|---|
| १. | १. शिवमाई मा.वि. बहुतले भवन निर्माण | वडा नं. १ | ८० लाख | शिक्षा मन्त्रालय / शिक्षा विभाग / खानेपानी तथा सरसफाई मन्त्रालय / स्वास्थ्य, जनसंख्या तथा वातावरण मन्त्रालय / सामाजिक विकास मन्त्रालय |
| | २. शंखाबुङ आ.वि. घेरावारा | वडा नं. १ | १० लाख | |
| | ३. सुनारगाउँ मुहान भई लप्सीवोटे खानेपानी योजना। | वडा नं. १ | २० लाख | |
| | ४. ज्ञानोदय मा वि बहुतले पक्की भवन निर्माण | वडा नं. २ | ५० लाख | |
| | ५. पाठक खोल्सा मुहान गरी प्रेमेजुङ खानेपानी योजना | वडा नं. ३ | १ करोड | |
| | ६. च्रीयावारी खोल्सी मुहान गरी काफ्लेगाउँ पाठक गाउँ खानेपानी योजना | वडा नं. ४ | ५० लाख | |
| | ७. ज्योती स्पोटिङ क्लब रंगशाला निर्माण | वडा नं. ४ | ५० लाख | |
| | ८. शारदा आ वि घुमाउने खेलमैदान | वडा नं. ४ | २० लाख | |
| | ९. हात्तिटार आ वि पुर्वाधार निर्माण | वडा नं. ४ | २० लाख | |
| | १०. नेपाल ज्योति आवि भौतिक पर्वाधार | वडा नं. ४ | २० लाख | |
| | ११. स्वास्थ्य चौकी स्थापना नौलेगाउँ | वडा नं. ४ | १ करोड | |
| | १२. कालीखोला मुहान गरी टोल नं ५ खानेपानी योजना | वडा नं. ५ | ५० लाख | |
| | १३. वोजेनी खानेपानीको डिपिआर तयार तथा निर्माण | वडा नं. ५ | २० लाख | |
| | १४. टोल नं. ५ को विकासे सिंचाई कुलो मर्मत | वडा नं. ५ | २० लाख | |
| | १५. कुलुङ गाउँ भालुखोप खानेपानी निर्माण | वडा नं. ६ | २० लाख | |
| | १६. फलाटे खानेपानी मर्मत तथा विस्तार कार्यक्रम | वडा नं. ६ | १ करोड | |
| | १७. भालु आहाल सिगारे खानेपानी निर्माण | वडा नं. ६ | १ करोड | |
| | १८. प्याङ मावि घेरावारा | वडा नं. ६ | २० लाख | |
| २. | १. शंखबुङ जोगमाई खोला रुपेटार मोटरबाटो निर्माण तथा मर्मत | वडा नं. १ | ६० लाख | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय / आर्थीक मामिला तथा योजना मन्त्रालय / भौतिक पूर्वाधार मन्त्रालय/ शहरी विकास मन्त्रालय/ सडक वोर्ड नेपाल |
| | २. त्रिपल आर सडक बाट बस्नेत गाउँ हुँदै खोपिखर्क जोरखर्क जोडने सडक | वडा नं. १ | ५० लाख | |
| | ३. भोटे साँघु संखबुङ गुरुङ गाउँ हुँदै लप्सी वोटेबाट फिक्कल नयाँबजार मुल सडक जोडने सडक | वडा नं. १ | ६० लाख | |
| | ४. सर्वेखोला रसाईली गाउँ क्षेत्री डाँडा सिंचाई आयोजना | वडा नं. १ | १५ लाख | |
| | ५. सडक बत्ति बजार क्षेत्र गुम्बा र मन्दिर सम्म | वडा नं. १ | १५ लाख | |
| | ६. शनिश्चरे वडा कार्यालय ज्योती आ वि भित्ते धोत्रे अक्कर देवी थान हुँदै तारे डढेली मेग्मा | वडा नं. २ | ५० लाख | |

| | | | | |
|---|---|---|---|---|
| | ७. जोगमाई खोला विजुवा गाउँ धारेगाउँ सिंहदेवी आ वि हुँदै कठेत गाउँ थुम्के | वडा नं. २ | ४० लाख | |
| | ८. सुर्योदय न पा भोटेसाँघु खोल्मे पुछारदेखि जोर कटेरी हुँदै थुम्के भ्यू टावर सम्म पर्यटकिय रोड स्तरोन्नती | वडा नं. २ | ५० लाख | |
| | ९. गुम्ती बल्ड्याङग्रे चारवरपिपल सडक स्तरउन्नती | वडा नं. ३ | १ करोड २० लाख | |
| | १०. टारी शुक्रवारे गडेरे गोयाङ ईनपा सडक स्तरोन्नती | वडा नं. ३ | २ करोड | |
| | ११. सुर्योदय गुम्बापथ आरुवोटे जोगमाई खोला हात्तिटार ईनपा सडक | वडा नं. ४ | २ करोड | |
| | १२. स्यालढुंगा मेल डाँडा सोम गोलाई हर्रापाखा वममाया गोलाई कृष्ण गोलाई पिङ गोलाई अर्चले पक्कीपुल इनपा सडक स्तरोन्नती | वडा नं. ५ | १ करोड | |
| | १३. खडके खोल्सा दोभान सोयाङ खोला मुहान गरी टोल नं. ८,७,६ कुलो निर्माण<br>सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण | वडा नं. ५ | ५० लाख | |
| | १४. सोयाङ खोला तिलक गोलाई सडक स्तरोन्नती | वडा नं. ५ | ५० लाख | |
| | १५. जीवन गोलाई मादेन गाउँ प्याङ सडक | वडा नं. ५ | ५० लाख | |
| | १६. खडका गोलाई थरी गाउँ सडक | वडा नं. ५ | ५० लाख | |
| | १७. नयाँबजार प्याङ पञ्चमी ईङला सडक स्तरोन्नती | वडा नं. ६ | १ करोड | |
| | १८. माईखोला रुलुक प्याङ मा वि पञ्चमी गुम्वा डाँडा सडक स्तरोन्नती | वडा नं. ६ | ५० लाख | |
| | १९. वडा नं. ६ र ईनपा २ विच माई खोलामा पक्की पुल | वडा नं. ६ | ५ करोड | |
| | २०. खरे खोला र मलुखोलामा दोभानमा पक्की पुल | | | |
| | २१. खोल्मे पुच्छर र सु.न.पा. १ जोड्ने जोगमाई खोलामा पक्कीपुल | | | |
| | २२. नयाँबजार प्याङ्ग पञ्चमी जमुना इङ्ला खोला सम्म पक्की कृषि मोटरबाटो | | | |
| | २३. खोल्मे पुच्छार निगाले गाउँ संखाबुङ्ग लप्सी बोटे पच्छर हुँदै मुलबाटो जोड्ने मोटर बाटो स्तर उन्नती | | | |
| | २४. नयाआबजार खरखरे थुम्के जौबारी तुम्लीङ्ग मेम्मा पर्यटन रोड | | | |
| ३. | १. सिंहदेवी मन्दिर डिपिआर तथा निर्माण | वडा नं. १ | ५० लाख | संकृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय / उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| | २. जातिय संग्राहलय निर्माण | वडा नं. १ | १ करोड | |
| | ३. थुम्के भिउ टावर | | | |
| | ४. वालागुरु शिवालय धाममा बहुतले | वडा नं १ | ५० लाख | |
| | ५. सार्वजनिक भवन निर्माण | वडा नं १ | १ करोड | |
| | ६. तुम्लिङमा पर्यटक गेष्ट हाउस निर्माण | वडा नं. २ | १ करोड | |
| | ७. वनपाला झिल निर्माण | वडा नं. ४ | ५० लाख | |

| | | | | |
|---|---|---|---|---|
| | ८. साततले झरना पर्यटन प्रवर्धन कार्यक्रम | वडा नं. ५ | १ करोड १० लाख | |
| | ९. मलु पोखरी क्षेत्र डिपिआर तथा पर्यटन प्रवर्दन कार्यक्रम | वडा न. ५ | ५० लाख | |
| | १०. नर्मदाश्वर शिव मन्दिर निर्माण | वडा नं. ५ | २० लाख | |
| | ११. ऐतिहासिक लाप्चा गढी संरक्षण कार्यक्रम | वडा नं. ५ | २० लाख | |
| ४. | १२. प्याङ गुम्बा भवन निर्माण २ करोड | वडा नं. ६ | २ करोड | |
| | १. कृषिमा अर्ग्योनिकरण कार्यक्रम | वडा नं. १ | ७० लाख | कृषि तथा पुशपन्छी विकास मन्त्रालय |
| | २. सबै घरधुरीमा गोठ तथा भकारो सुधार कार्यक्रम | वडा नं. १ | ३० लाख | |
| | ३. कृषिमा प्राङ्गारीक कार्यक्रम | वडा नं. ३ | १ करोड | |
| | ४. वडा नं. ५ वृहत कफिखेतीको लागी कार्यक्रम | वडा नं. ५ | २० लाख | |
| | ५. वडा नं. ५ किवि पकेट क्षेत्र कार्यक्रम | वडा नं ५ | ५० लाख | |
| ५. | ६. वोयर जातको विउ वोका तथा वाख्रा पालन कार्यक्रम | वडा नं. ५ | २० लाख | |
| | १. वडा नं ३ विधुतिकरण कार्यक्रम | वडा नं. ३ | १ करोड | उर्जा मन्त्रालय |
| | २. वडा नं ५ विधुतिकरण कार्यक्रम | वडा नं. ५ | १ करोड | |
| | ३. वडा नं. ६ विधुतिकरण कार्यक्रम | वडा नं. ६ | १ करोड | |

१५. प्रत्येक योजनामा विनियोजित रकमको ४ प्रतिशत रकम कट्टा गरी राखिनेछ जस मध्ये २ प्रतिशत मर्मत सम्भारमा र २ प्रतिशत रकम सेवा सुविधा तथा कार्यालय सामान र औजार उपकरण खरिदका साथै अन्य योजना व्यवस्थापन खर्च हुने गरी खर्च गरीनेछ।

१६. गाउँपालिकामा माईजोगमाई गाउँपालिकाको गाउँ यातायात गुरुयोजना स्वीकृत गरी उक्त गुरुयोजनामा उल्लेख भएका सडकहरुको चौडाई कायम गरी गाउँ यातायात गुरुयोजना कार्यान्वयन गर्ने निर्णय गरीयो।

१७. गाउँपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरीयो र गाउँ सभामा पेश गर्ने निर्णय गरीयो। साथै महालेखा प्रतिवेदनको तपशिलका विषयमा महालेखा परिक्षणको कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

i. पदाधिकारीको सेवा सुविधा विषयमा देखिएको बेरुजुको सम्बन्धमा प्रदेश कानुन लागु हुन पूर्व नै गाउँपालिकाको निर्णयको आधारमा उपलब्ध गराइएको र प्रदेश कानुन लागु भएपछि आ.व ०७५/०७६ बाट कानुन बमोजिम नै हुने गरी सेवा सुविधा उपलब्ध गराइएको हुँदा उक्त बेरुजु एक पटकलाई फर्छयौट गर्न अनुरोध गरी पठाउने।

ii. कर्मचारी भत्ताको सम्बन्धमा संक्रमणकालिन अवस्थामा कार्यालय सञ्चालन तथा अन्य समस्याहरुको विषयमा मासिक छलफल तथा मासिक प्रतिवेदन गर्न टाढा रहेका वडा कार्यालयबाट समेत मासिक बैठकमा सहभागी हुनु पर्ने र गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार नै उक्त भत्ता उपलब्ध गराइएको हुँदा महालेखा परिक्षकको कार्यालयबाट पाल्नु भएको लेखा परिक्षक ज्यूहरुबाट सो कर्मचारी बैठक भत्ता उपलब्ध गराउँन नमिल्ने भनी प्रस्टोउक्ती भए पछि हाल कुनै पनि कर्मचारी बैठक भत्ता नलिइएको हुँदा सो सम्बन्धमा देखिएको बेरुजु एक पटकको लागी फर्छयौट गर्न अनुरोध गरी पठाउने।

iii. स्थानिय चिया कृषकको हित र स्थानिय क्षेत्रमा उद्योगको प्रवर्द्धन गर्न सिद्धपोखरी चिया सहकारी संस्था लि.को रु १ करोड ३० लाख लगत इस्टिमेट रहेको चिया प्रशोधन भवन निर्माणको लागि रु १० लाख उपलब्ध गराइएको साथै अन्य कुनै पनि किसिमको निजि सम्पत्तिलाई प्रवर्द्धन नगरिएको तथा स्थानीय

स्तरमा रोजगारीको अवसरलाई प्रवर्द्धन गर्न उदेश्यले गरीएको र आर्थिक सहायता गर्ने कार्यलाई हाल नियम र मापदण्ड अनुसार मात्र गरिएको हुँदा सो सम्बन्धि बेरुजु फर्छ्यौट गर्न अनुरोध गरी पठाउने ।

iv. नयाँ परिवेसमा यस स्थानिय तहले विकास निर्माणको काम गर्दा सार्वजनिका खरिद प्रकृया पूरा नगरी उपभोक्ता समिति मार्फत भवन निर्माण गरेकोमा नियमित गर्नुपर्ने उल्लेख भएकोमा हाल उपभोक्ता समितिसँग प्रत्यक्ष सरोकार नभएको कार्य जस्तै भवन निर्माण कार्य टेण्डर प्रकृयाबाट गर्ने कार्य शुरु भईसकेकोले विगतको बेरुजु फर्छ्यौट गर्ने अनुरोध गर्ने ।

v. लेखा परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको अन्य बेरुजु सम्बन्धमा आवश्यक कागजात सहित बेरुजु फर्च्यौटका लागि सम्परिक्षण गर्न लेखि पठाउने निर्णय गरियो ।

१८. न्यायीक कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका तथा वडा स्तरका मेलमिलाप केन्द्रमा कार्य गर्ने गरी गत सालमा सुचिकृत तपशिलका मेलमिलापकर्ताहरुलाई सूचिकृत गर्ने निर्णय गरियो ।

**गाउँपालकास्तरका मेलमिलापकर्ताहरु**

श्री टेक वहादुर राई श्री अम्बर थामी श्री राममाया राई श्री याम ब विश्वकर्मा श्री विष्णु पौडेल

**वडा स्तरीय मेलमिलापकर्ताहरु**

वडा नं १: श्री याम ब विश्वकर्मा श्री पदम ब भण्डारी श्री खेम ब भट्टराई श्री पुनम गुरुङ ।

वडा नं. २: श्री डम्बर ब सुवेदी श्री कविता राई श्री शान्त कुमारी लिम्बु श्री टेक ब. थामी श्री दर्गा ब. महत।

वडा नं. ३: श्री याम प्रसाद लामा श्री राम घिमिरे श्री वाल कुमारी लेप्चा श्री प्रताप लेप्चा श्री डेक कुमारी घिमिरे श्री ईन्द्र घिमिरे श्री मिरा प्रौडेल प्रधान ।

वडा नं. ४: श्री गणेश कुमार राई श्री हरी भक्त लाम्गादे श्री भोज कुमार सञ्जेल ।

वडा नं. ५: श्री दाताराम सञ्जेल श्री कमल राउत श्री टिका चापागाई श्री भिम मादेन श्री टंक रिजाल श्री वेद प्रसाद चापागाई ।

वडा नं. ६: श्री भवानी लिङदम श्री डम्वरु वल्लभ अधिकारी श्री रोहित कुमार थेवे श्री शेखरा मुखिया श्री बाल कुमारी कामी श्री चन्द्र प्र. थेवे ।

१९. माईजोगमाई गाउँपालिकाको अनुसूची १ बमोजिमको बार्षिक खरिद योजना निम्न बमोजिम स्वकृत गर्ने निर्णय गरीयो ।

२०. माईजोगमाई गाउँपालिकाको शिक्षा विधेयक २०७६ माथी छलफल गरी स्विकृतीको लागी गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

२१. माईजोगमाई गाउँपालिकाको खेलकुद विधेयक २०७६ माथी छलफल गरी स्विकृतीको लागी गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

२२. माईजोगमाई गाउँपालिकाको खानेपानी बिधेयक २०७६ माथी छलफल गरी स्विकृतीको लागी गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

२३. नामसालिङ मावि नमुना विद्यालयको रकम निकासा गरी हाललाई उक्त विद्यालयको खाता बन्द गर्ने । उक्त विद्यालयको भौतिक शैक्षिक तथा व्यवस्थापकिय कार्य प्रगती र अनुगमनको आधारमा क्रमश रकम निकासा गर्ने निर्णय गरियो ।

२४. उद्येश्य निर्माण सेवा मेचीनगर सँग भएको सम्झौता बमोजिम विद्युतिय पोल खरिद सम्बन्धमा रहेको बार्षिय योजनालाई क्रमागत योजनामा राखी नियमानुसार म्याद थप गरी ठेकेदार कम्पनि मार्फत कार्य गराउने निर्णय गरीयो र हाललाई ढुवानी बाहेकको पोल वापतको मात्र रकम रनिङ विलको आधारमा भुक्तानी दिने निर्णय गरीयो ।

२५. लामो समय देखि ब्लड क्यान्सर वाट पिडीत सम्देन लेप्चा माईजोगमाई २ लाई वडाको सिफारिस र हस्पटलको कागजातको आधारमा राहत स्वरुप रु १५ हजार उपलब्ध गराउने निर्णय गरीयो ।

२६. माईजोगमाई गाउँपालिकाको नारा "समृद्द गाउँपालिका र सुखि जनता" राख्ने निर्णय गरियो र सो नारा गाउँपालिकाको लेटर प्याडमा राख्ने साथै लेटर हेडको दायाँ तर्फ हाभ्रेको तस्विर राख्ने निर्णय गरियो ।

२७. माथि उल्लेखित निर्णयहरु अनुमोदनको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

# माईजोगमाई गाउँपालिकाको आ.व. २०७६/०७७ को स्विकृत वार्षिक खरिद योजना

| क्र.स. | खरिद सम्बन्धि विवरण | प्याकेज नं. | लागत अनुमान | खरिद विधि | खरिद सम्झौताको किसिम | सम्भाव्य अध्ययन तथा डीजाइन गर्ने मिति | लागत अनुमान स्वीकृत गर्ने मिति | बोलपत्र स्वीकृत गर्ने मिति | बोल पत्र आव्हानको सूचना प्रकाशित गर्ने मिति | बोल पत्र दाखिला तथा खोल्ने मिति | सम्झौता हुने मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति | कैफियत योजना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामान तथा अन्य सामग्री आपूर्ति कार्य | १ | आवश्यकता अनुसार | माल सामान वा अन्य सामग्री खरिद | खास मालसामान वा अन्य सामग्री आपूर्ति सम्झौता | चौमासिक रुपमा | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | २०७७ असार पहिलो हप्ता भित्र | |
| २ | भौतिक पूर्वाधार निर्माण सुधार (ठेक्का पट्ट बाट) | २ | पहिलो चौमासिक | निर्माण कार्यको खरिद सम्झौता | एकमुस्ट रकम सम्झौता | अशोज मसान्त | पहिलो चौमासिक | मंसीर पहिलो हप्ता | मंसिर पहिलो दोस्रो हप्ता | पौष तेस्रो हप्ता | पौष मसान्त | २०७७ असार १५ भित्र | वार्षिक योजना |
| ३ | भौतिक पूर्वाधार निर्माण सुधार (ठेक्का पट्टा बाट) | ३ | पहिलो चौमासिक | निर्माण कार्यको खरिद सम्झौता | एकमुस्ट रकम सम्झौता | कार्तिक मसान्त | पहिलो चौमासिक | पौष मसान्त | माघ मसान्त | फाल्गुण मसान्त | चैत मसान्त | सम्झौता अवधि भित्र | बहुवर्षिय |
| ४ | भौतिक पूर्वाधार निर्माण (उपभोक्ता समिति बाट) | ४ | पहिलो चौमासिक | निर्माण कार्यको खरिद सम्झौता | एकमुस्ट रकम सम्झौता | कार्तिक १५ | पहिलो चौमासिक | उपभोक्ता समितिको गठन अभिमुखीकरण र सम्झौता २०७६ माग १५ भित्र | | | | जेठ मसान्त भित्र | वार्षिक योजना |
| ५ | भौतिक पूर्वाधार निर्माण (उपभोक्ता समिति बाट) | ५ | पहिलो चौमासिक | निर्माण कार्यको खरिद सम्झौता | एकमुस्ट रकम सम्झौता | कार्तिक १५ | पहिलो चौमासिक | उपभोक्ता समितिको गठन अभिमुखीकरण र सम्झौता २०७६ माघ १५ भित्र | | | | | बहुवर्षिय |
| ६ | परामर्श सेवा खरिद | ६ | पहिलो चौमासिक | परामर्श सेवा खरिद सम्झौता | एकमुस्ट रकम सम्झौता | पहिलो चौमासिक | मङ्सिर मसान्त | माघ १५ | फाल्गुन १५ | चैत १५ | २०७७ बैशाख पहिलो | २०७७ असार १५ | |